# महाकाली नगरपालिका
# स्थानीय राजपत्र

**खण्डः०६** **संख्याः ०२** **मितिः २०७९/०४/११**

**भाग–०१**


# महाकाली नगर शिक्षा ऐन, २०७९

## प्रस्तावनाः

नेपालको संविधान अनुसूची-८ मा माध्यमिक तह सम्मको शिक्षालाई स्थानीय तहको एकल अधिकार अन्तरगत राखेको छ। उक्त व्यवस्था बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (११) उपदफा (२) खण्ड (ज) मा आधारभूत तथा माध्यमिक शिक्षा व्यवस्थापन तथा नियमन गर्ने अधिकार स्थानीय तहमा निहित रहेको छ। उपर्युक्त परिप्रेक्ष्यमा, महाकाली नगरको प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवर्द्धन गरी संघीय लोकतन्त्रको संस्थागत विकास तथा स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्दै **समृद्ध महाकाली, सुखी महाकालीबासी** को सपना साकार गर्नका लागि महाकाली नगरपालिकामा स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापनमा सुधार गरी सर्वसुलभ, गुणस्तरीय तथा सीपमूलक शिक्षाको सुनिश्चितताको लागि आधारभूत तथा माध्यमिक शिक्षा व्यवस्थापन तथा नियमन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (१०२) उपदफा (१) वमोजिम महाकाली नगरपालिकाको, १०औं नगरसभाबाट महाकाली नगर शिक्षा ऐन, २०७९ स्वीकृत गरिएको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

(१) यस ऐनको नाम "महाकाली नगर शिक्षा ऐन, २०७९" रहेको छ।

(२) यो ऐन महाकाली नगरपालिका क्षेत्रभित्र लागू हुनेछ।

(३) यो ऐन महाकाली नगरपालिकाको नगरसभाले पास गरी स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात् तुरुन्त लागू हुनेछ।

**२. परिभाषाःविषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,**

(क) **"नगरपालिका"** भन्नाले महाकाली नगरपालिका दार्चुलालाई सम्झनुपर्छ।

(ख) **"नगरसभा"** भन्नाले महाकाली नगरपालिकाको नगरसभालाई सम्झनुपर्छ।

(ग) **"आधारभूत शिक्षा"** भन्नाले प्रारम्भिक बालशिक्षा देखी कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(घ) **"माध्यमिक शिक्षा"** भन्नाले कक्षा नौ देखी कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(ङ) **"समावेशी शिक्षा"** भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा शारीरिक अपाङ्गता भएका बालबालिकालाई दिइने विशेष किसिमको शिक्षा सम्झनु पर्छ।

(च) **"विद्यालय शिक्षा"** भन्नाले आधारभूत र माध्यमिक दुबै शिक्षा सम्झनु पर्छ।

(छ) **"प्राविधिक तथा व्यावसायिक शिक्षा"** भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुमा आधारित प्रविधि र व्यवसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा नौ देखी कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ।

(ज) **"सामुदायिक विद्यालय"** भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

(झ) **"संस्थागत विद्यालय"** भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी निजी पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।

(ञ) **"शैक्षिक गुठी"** भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ।

(ट) **"शिक्षक"** भन्नाले विद्यालयमा सिकाई सहजीकरण गर्न नियुक्त अध्यापक सम्झनु पर्दछ र सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँछ।

(ठ) **"कर्मचारी"** भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ।

(ड) **"अनुमति"** भन्नाले नेपाल सरकार वा नगरपालिकाले कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ।

(ढ) **"स्वीकृति"** भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(ण) **"आवासीय विद्यालय"** भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(त) **"स्थायी आवासीय अनुमति"** भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

(थ) **"प्रारम्भिक बालशिक्षा"** भन्नाले पाँच वर्ष मुनिका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनुपर्छ ।

(द) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले महाकाली नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ध) **"मन्त्रालय"** भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र संघीय सरकारको स्थानीय शिक्षा हेर्ने मन्त्रालयलाई सम्झनु पर्छ ।

(न) **"आयोग"** भन्नाले शिक्षक सेवा आयोगलाई सम्झनु पर्छ ।

(प) **"विशेष शिक्षा"** भन्नाले दृष्टिबिहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षालाई सम्झनुपर्छ ।

(फ) **"बोर्ड"** भन्नाले नगर परीक्षा बोर्डलाई सम्झनुपर्छ ।

(व) **"शिक्षा शाखा"** भन्नाले नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखालाई बुझिनेछ ।

(भ) **"शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख"** भन्नाले नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखलाई सम्झनुपर्छ ।

(म) **"स्रोत केन्द्र"** भन्नाले नगरपालिका अन्तरगत स्थापना गरिने स्रोत केन्दलाई बुझिनेछ ।

(य) **"स्रोत व्यक्ति"** भन्नाले महाकाली नगरपालिका अन्तरगत संचालित स्रोत केन्द्रमा कार्यरत शिक्षकलाई सम्झनुपर्छ ।

(र) **"अनिवार्य शिक्षा"** भन्नाले संघीय सरकारद्वारा तोकिएको उमेर समूहका बालबालिकाहरुलाई विद्यालय वा अन्य बैकल्पिक शैक्षिक संस्थामा भर्ना भई नियमित अध्ययन गर्ने छ र आधारभूत तहको अध्ययन पूरा गर्ने बाध्यकारी व्यवस्थालाई सम्झनु पर्दछ ।

(ल) **"निःशुल्क शिक्षा"** भन्नाले विद्यालय वा शैक्षिक संस्थाले विद्यार्थी वा अभिभावकबाट कुनै पनि शीर्षकमा कुनैपनि शुल्क असुल नगरी दिइने शिक्षालाई सम्झनु पर्दछ ।

(व) **"अभिभावक"** भन्नाले विद्यालयमा अध्ययनरत् विद्यार्थीको बाबु, आमा, बाजे, बजै वा त्यस्ता अभिभावक नभएमा विद्यालयमा अध्ययनरत बालबालिकालाई संरक्षण गर्ने व्यक्तिहरू मध्येवाट विद्यालयको अभिलेखमा जनिएको व्यक्तिलाई जनाउँछ ।

(श) **"आमभेला"** भन्नाले विद्यालय प्रभाव क्षेत्रभित्र वसोवास गर्ने आममहाकाली नगरवासी नेपाली नागरिक संलग्न भेलालाई जनाउँछ ।

## परिच्छेद २
## शिक्षामा नागरिकको पहुँच

**३. शिक्षा प्राप्त गर्ने अधिकार :**

नगरबासी प्रत्येक नागरिकलाई औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट गुणस्तरीय आधारभूत तथा माध्यमिक शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ ।

**४. शिक्षा प्रदान गर्ने दायित्व :**

नगरबासी प्रत्येक नागरिकलाई माध्यमिक तह सम्मको शिक्षा प्रदान गर्ने दायित्व नगरपालिकाको हुनेछ ।

**५. नागरिकको कर्तव्य:**

आधारभूत शिक्षा प्राप्त गर्ने उमेर समुहका आफ्ना बालबालिकाहरुलाई पायक पर्ने विद्यालय र उमेर अनुसारको कक्षामा भर्ना गराई नियमित रुपमा विद्यालय पठाउनु नगरबासी नागरिकको कर्तव्य हुनेछ। शिक्षामा नागरिकको अधिकार एवम् पहूँच र नगरपालिकाको दायित्व सम्वन्धी अन्य व्यवस्था तोकिएवमोजिम हुनेछ ।

## परिच्छेद-३
## अनिवार्य तथा निःशुल्क शिक्षा

**६. अनिवार्य शिक्षाः**

यो ऐन प्रारम्भ भएपछि नगरपालिका भित्र बसोवास गर्ने चार वर्ष उमेर पूरा भई तेह्र वर्ष उमेर पूरा नभएका प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

**७. अनिवार्य विद्यालय भर्नाः**

यो ऐन प्रारम्भ भएपछि प्रत्येक बालबालिकालाई अनिवार्य रुपमा नियमानुसार विद्यालयमा भर्ना गराउनु सम्वन्धित अभिभावकको कर्तव्य हुनेछ ।

**८. पहिचान विहिन बालबालिका :**

नगरपालिकाको भौगोलिक क्षेत्रभित्र अभिभावकको पहिचान नभएका बालबालिका भएमा त्यस्ता बालबालिकाको माध्यमिक तहसम्मको शिक्षाको व्यवस्था गर्नु नगरपालिकाको दायित्व हुनेछ ।

**९. माध्यमिक तह सम्मको शिक्षा निःशुल्कः**

प्रत्येक वालबालिकालाई माध्यमिक तह सम्मको शिक्षा निःशुल्क प्राप्त गर्ने अधिकार हुनेछ ।

**१०. अनौपचारिक, बैकल्पिक, परम्परागत तथा खुल्ला शिक्षाको व्यवस्थाः**

१) नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने प्रत्येक नागरिकलाई आधारभूत तहसम्म आफ्नो अनुकुल शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ ।

२) अनौपचारिक, बैकल्पिक, खुल्ला तथा परम्परागत शिक्षा पद्धतिको सञ्चालन,संरक्षण र प्रबर्धन गरिनेछ ।

**११. प्राविधिक तथा व्यवसायिक शिक्षा सम्बन्धी व्यवस्थाः**

१) नगरपालिका भित्र माध्यमिक तह सम्मको समकक्षता हुने गरी बहुप्राविधिक शिक्षाको विकास, अनुसन्धान तथा प्रवर्द्धन गरिने छ ।

**१२. स्वास्थ्य उपचारको प्रवन्धः**

आधारभूत तथा माध्यमिक विद्यालयमा अध्ययनरत सबै बालबालिकाको नियमित स्वास्थ्य परीक्षण, आधारभूत स्वास्थ्य उपचार तथा परामर्श सम्वन्धमा आवश्यक व्यवस्था मिलाइने छ ।

## परिच्छेद-४

## शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमति, स्वीकृति, समायोजन तथा नियमन सम्बन्धी व्यवस्थाः

**१३. माध्यमिक शिक्षाको प्रकारः माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन्ः-**

(क) साधारण माध्यमिक शिक्षा,

(ख) संस्कृत माध्यमिक शिक्षा,

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

**१४. शिक्षाको माध्यमः**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबैभाषा हुन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहायबमोजिम हुन सक्नेछ( :

(क) आधारभूत तह (कक्षा १ देखी ५) सम्म मातृभाषामा शिक्षा दिन सकिनेछ ।

(ख) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

**१५. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूरशिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः**

नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूरशिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

**१६. विद्यालयको वर्गीकरणः** विद्यालयलाई देहाय अनुसार वर्गीकरण गरिनेछ ।

(क) सामुदायिक विद्यालय,

(ख) संस्थागत विद्यालय,

(ग) गुठी विद्यालय,

(घ) सहकारीबाट संचालित विद्यालय ।

**१७. विद्यालय संचालन गर्न अनुमति सम्बन्धी व्यवस्था:**

(१) कुनै नेपाली समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी वा संस्थागत विद्यालय वा सहकारी विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित शैक्षिक सत्र शुरु हुनुभन्दा ३ महिना अगावै नगर कार्यपालिकाको कार्यालय समक्ष अनुमतिको लागि निवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर शिक्षा, युवा तथा खेलकुद शाखाबाट तोकिए बमोजिम भौतिक संरचना लगायतको आवश्यक जाँचबुझ गर्दा विद्यालय खोल्ने अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्तहरु पालना गर्ने गरी नगरशिक्षा समितिको सिफारिसमा नगरकार्यपालिकाले शैक्षिक सत्र शुरु हुनुभन्दा ३० दिन अगावै अनुमति दिनेछ ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न नगर कार्यपालिकाको कार्यालयसमक्ष निवेदन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन परेमा शिक्षा शाखाले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम आधारभूत तह देखि माध्यमिक तहसम्म विद्यालय सञ्चालन गर्न नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले पुनःअनुमति तथा स्वीकृति दिनेछ ।

(५) उपदफा (२), (३) वा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन् ।

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(६) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछः-

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक(ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनु पर्ने,

ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँच र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनु पर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यताप्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(७) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा आधारभूत तह देखी माध्यमिक तहसम्म नगर शिक्षा समितिको सिफारिसमा नगरकार्यपालिकाले अनुमति प्रदान गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन् ।

(९) माथिल्ला उपदफाहरुमा जुनसुकै कुरा लेखिएता पनि विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन् । तर कानूनले तोकेको प्रक्रिया पुरा गरी माग भएमा स्वीकृत दिन बाधा पर्नेछैन् ।

(१०) नगर शिक्षा समितिको सिफारिसमा नगरकार्यपालिकाले कुनै विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ । तर एक शैक्षिक सत्रमा १ कक्षा मात्र थप गर्न अनुमति दिइने छ ।

(११) विद्यालय सञ्चालन तथा व्यवस्थापन प्रचलित कानुनमा तोकिए वमोजिम हुनेछ ।

(१२) संस्थागत विद्यालयको शुरु अनुमति तथा थप अनुमति तथा कक्षा थप अनुमतिको लागि तोकिए बमोजिम दस्तुर तथा धरौटी लाग्ने छ ।

(१३) नगरपालिकाले आधारभूत तह अन्तर्गत प्रारम्भिक बालशिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा थप व्यवस्था गर्न सक्नेछ ।

१८. सामुदायिक सिकाइ केन्द्र सञ्चालन सम्बन्धी व्यवस्थाः नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सकिनेछ । यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय, सामुदायिक अध्ययन केन्द्र र वाचनालय सञ्चालन गराउन सकिनेछ ।

**१९. नगरपालिकाले विद्यालय सार्न, एकीकरण, नाम परिवर्तन गर्न वा बन्द गर्ने सम्बन्धी व्यवस्थाः**

(१) देहायको कुनै अवस्थामा दुई वा दुईभन्दा बढी विद्यालयलाई एक आपसमा गाभी एउटा विद्यालय कायम गर्न सकिनेछ :

(क) तोकिए बमोजिमको पूर्वाधार कायम नरहेको,

(ख) अधिकांश कक्षामा तोकिएको संख्याको दश प्रतिशत भन्दा कम विद्यार्थी संख्या भएको,

(ग) दुई वा सोभन्दा बढी विद्यालयको परिसर एक आपसमा जोडिएको,

(घ) दुई वा सोभन्दा बढी विद्यालय बीचको पैदल दूरी तीस मिनेट भन्दा कम रहेको,

(ङ) दुई वा सो भन्दा बढी विद्यालयका व्यवस्थापन समितिले विद्यालय गाभ्न संयुक्त निवेदन दिएको ।

(च) शिक्षा शाखाले विद्यालय गाभ्न आवश्यक भएको तथ्य तथा राय सहित कार्यपालिका समक्ष सिफारिस गरेमा र कार्यपालिकाले उपयुक्त ठहऱ्याएमा ।

(२) उपदफा (१) बमोजिमको आधारमा विद्यालयहरु गाभ्ने निर्णय गर्दा कार्यपालिकाले त्यस्ता विद्यालयको लागि आवश्यक शिक्षक तथा कर्मचारीको दरबन्दी यकिन गरी बढी हुन आएको शिक्षक तथा कर्मचारीको व्यवस्थापनको विषयमा समेत निर्णय गर्नु पर्नेछ ।

(३) यस ऐनमा उल्लेखित विद्यालय गाभ्ने सम्वन्धी व्यवस्थालाई कार्यान्वयन गर्न कार्यपालिकाले शिक्षा समितिको सिफारिसमा कार्यविधी बनाई लागू गर्न सक्नेछ । यसरी गाभिएर खाली भएको वा बन्द भएको विद्यालयमा सामुदायिक प्रयोजनका लागि पुस्तकालय, म्युजियम, संवाद स्थल, सीप विकास केन्द, सामुदायिक केन्द्र जस्ता संस्था बनाउन सकिने छ ।

(४) विद्यालयको नाम परिवर्तन गर्नु पर्ने भएमा नाम परिवर्तन गर्नुपर्ने उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा नगर शिक्षा समितिमार्फत नगरपालिकामा स्वीकृतिका लागि आवेदन पेश गर्नुपर्नेछ ।

(५) उपदफा (२) बमोजिम पेश हुन आएको निवेदन उपर नगर शिक्षा समितिको सिफारिसमा नगरपालिकाले नाम परिवर्तनको स्वीकृति दिन सक्नेछ ।

(६) विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा कुनै व्यक्ति विशेषको नाम, धार्मिक तथा जातियता झल्किने प्रकारको नाम राख्न पाइने छैन । तर माध्यमिक तहको हकमा ५०,००,०००।- (पचास लाख रुपैया), आधारभूत तहको हकमा ३०,००,०००।- (तीस लाख रुपैया) रुपैया प्रदान गरेमा व्यक्तिको नाममा विद्यालयको नाम परिवर्तन गर्न बाधा पुगेको मानिने छैन । यसरी नाम परिवर्तन गर्दा विद्यालयको पहिलाको नाम पूरै परिवर्तन नगरी अगाडिको नाममा थप गर्नुपर्ने वा नाम जोडी नामाकरण गर्न सकिनेछ ।

## परिच्छेद ५
## संस्थागत व्यवस्था तथा काम, कर्तव्य र अधिकार

**२०. नगर शिक्षा समिति सम्बन्धी व्यवस्थाः**

(१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको नगर शिक्षा समिति र हुनेछ :

(क) महाकाली नगरपालिकाको नगर प्रमुख (अध्यक्ष)
(ख) महाकाली नगरपालिकाको उपप्रमुख (सदस्य)
(ग) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत (सदस्य)
(घ) सामाजिक विकास समितिका संयोजक (सदस्य)
(ङ) नगर प्रमुखले तोकेको नगरसभा सदस्य मध्येबाट एक जना महिला सहित २ जना (सदस्य)

(च) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र शिक्षक अभिभावक संघका अध्यक्षहरु मध्येबाट नगरप्रमुखले तोकेको २ जना (सदस्य)

(छ) सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट नगर प्रमुखले तोकेको एक/एक जना सदस्य गरी जम्मा २ जना (सदस्य)

(ज) स्थानीय शिक्षाप्रेमी तथा समाजसेवी व्यक्तिहरुमध्येबाट नगर शिक्षा समितिले मनोनितगरेको कम्तिमा २ जना महिला सहित ४ जना (सदस्य)

(झ) नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख (सदस्य सचिव)

(२) समितिका मनोनित सदस्यको कार्यकाल ३ वर्षको हुनेछ ।

(३) उपदफा (१) अनुसार मनोनित सदस्यले र अन्य सदस्यले पदीय आचरण पूरा नगरेमा नगरकार्यपालिकाले जुनसुकै समयमा पनि हटाउन सक्नेछ । तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि मनासिव माफि वा स्पष्टीकरणको मौकाबाट वञ्चित गरिने छैन् ।

(४) शिक्षा समितिको बैठक कम्तिमा प्रत्येक चौमासिकमा एक पटक बस्ने छ ।

(५) शिक्षा समितिको बैठक भत्ता कार्यपालिका सरह हुने छ ।

(६) समितिको बैठक सञ्चालनको लागि कम्तिमा पचास प्रतिशत सदस्यको उपस्थिति आवश्यक पर्ने छ भने बैठकको निर्णय बहुमतको आधारमा हुने छ ।

(७) समितिमा आवश्यकता अनुसार विज्ञहरुलाई आमन्त्रित गर्न सकिनेछ ।

(८) समितिले आफ्नो काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने क्रममा आवश्यक कार्यविधि तजूमा गरी कार्यपालिकाबाट स्वीकृत गराई लागू गर्नसक्नेछ ।

**२१. नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्थाः**

यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) आफ्नो कार्य क्षेत्रभित्रको शैक्षिक आवधिक योजना तयार गर्ने,

(ख) नगरपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, एकीकरण गर्ने सम्बन्धमा नगरपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने, (गुरुकुल, पाणिनी, मदरशा, विशेष विद्यालय समेत)

(ग) विद्यालयहरुलाई आर्थिक अनुदान सम्वन्धी आवश्यक स्रोतको खोजी गर्ने,

(घ) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित, भयरहित र व्यवस्थित बनाउन सहयोग गर्ने,

(ङ) विद्यालयहरुको लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने,

(च) नगरपालिका क्षेत्रभित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी, सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने,

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, समितिलाई जागरुक र सजग बनाउने,

(झ) अभिभावक र शिक्षक वीच विवाद भएमा त्यसको समाधान गर्ने,

(ञ) शिक्षाको गुणस्तर कायम राख्ने सूचक विकास गर्ने र प्रगति मूल्यांकन गर्ने,

(ट) शिक्षाको सामाजिक परीक्षण गर्ने एवम् शिक्षाको अनुगमन तथा सुपरिवेक्षणको प्रवन्ध गर्ने,

(ठ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने,

(ड) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने,

(ढ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने,

(ण) शैक्षिक संस्था र शिक्षासंग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, दण्ड, जरीवाना तथा कारवाही गर्ने गराउने,

(त) विषय विशेषज्ञहरुको छनौट गरी सूची (रोष्टर) प्रकाशन गर्ने,

(थ) संस्थागत विद्यालय संचालनको मापदण्ड बनाउने, संचालनको स्वीकृति र अनुमतिको लागि नगरपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने,

(द) विद्यालय एकीकरण गर्ने, सार्ने, नाम परिवर्तन गर्ने, तह थप गर्ने नीति तर्जूमा गरी नगरपालिकामा पेश गर्ने,

(ध) शिक्षकहरुको सरुवा व्यवस्थापन गर्ने,

(न) सामुदायिक सिकाई केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जूमा गर्ने,

(प) आवश्यकता अनुसार दिवा खाजा व्यवस्थापन गर्ने,

(फ) विद्यालयमा शिक्षक दरवन्दी मिलान गर्ने,

(ब) विद्यालयमा पठनपाठनको अधिकतम प्रवन्ध हुने गरी शैक्षिक क्यालेण्डर बनाई लागू गर्ने गराउने,

(भ) शिक्षक तालिम नीति तर्जूमा गरी लागू गर्ने,

(म) नगर कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने,

(य) विद्यालय व्यवस्थापन समिति गठन तथा विघठन गर्ने,

(र) तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

**२२. प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार :**

यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्न नगरपालिकाको समग्र शैक्षिक नीति, योजना, कार्यक्रमको कार्यान्वयन एवं अनुगमन गर्ने /गराउने,

(ख) नगर कार्यसम्पादन नियमावलीमा प्रमुख प्रशासकीय अधिकृतले गर्ने भनी उल्लेख भएका शिक्षा सम्बन्धी कार्य गर्ने,

(ग) शैक्षिक समन्वयकर्ता तथा सहजकर्ताको भूमिका निर्वाह गर्ने,

(घ) कार्यपालिकाले प्रत्यायोजन गरेका शिक्षा सम्बन्धी कार्य गर्ने,

(ङ) नगरको उत्कृष्ट शैक्षिक उपलब्धिका लागि शिक्षा अधिकृतसँग कार्यसम्पादन करार गर्ने र सो उपलब्धि हासिल भए नभएको सम्बन्धमा निरन्तर अनुगमन गर्ने,

(च) विद्यालयहरुको लेखा परीक्षणको व्यवस्था मिलाउने,

(छ) शिक्षा सम्बन्धी कुनै प्रस्ताव नगरपालिकामा पेश गर्नु पर्ने भए सो गर्ने,

**२३. शिक्षा शाखा प्रमुखको काम, कर्तव्य र अधिकारः**

नगरपालिकामा एक शिक्षा शाखा रहनेछ । उक्त शाखामा तोकिए बमोजिमको शिक्षा शाखा प्रमुख रहनेछ । शिक्षा शाखा प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।

(क) नगरस्तरीय शिक्षा योजना तर्जुमा गरी नगर कार्यपालिकामा पेश गर्ने, गराउने,

(ख) नगरपालिका तथा नगर शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने,

(ग) विद्यालय तथा शैक्षिक निकायहरुको अनुगमन तथा सुपरिवेक्षण गर्ने, गराउने,

(घ) नगर कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने,

(ङ) शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने र तदनुसार पुरस्कार तथा दण्डको लागि स्थानीय सरकारमा सिफारिस गर्ने

(च) नगर शिक्षा समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्ने ,

(छ) शिक्षा शाखा प्रमुखको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२४. वडा शिक्षा समितिको गठन, काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था : (१) प्रत्येक वडामा शिक्षा सम्वन्धी काम गर्नको लागि देहाय वमोजिमको वडा समितिको गठन गरिनेछ ।

क) सम्वन्धित वडाको वडा अध्यक्ष (संयोजक)

ख) वडा समितिका सदस्य मध्येबाट वडा समितिले तोकेको एक जना महिला (सदस्य)

ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्ये वडा समितिले तोकेको एक जना (सदस्य)

घ) आधारभूत वा माध्यमिक विद्यालयका प्र.अ.हरु मध्येबाट वडा शिक्षा समितिले तोकेको एक जना महिला सहित २ जना (सदस्य)

ङ) वडाभित्रका शिक्षा प्रेमी मध्येबाट वडा शिक्षा समितिले तोकेको १ जना महिला (सदस्य)

च) सम्वन्धित वडाका वडा सचिव (सदस्य सचिव)

(२) उपदफा (१) वमोजिम गठित वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार यस ऐनमा अन्यत्र उल्लेख गरेको बाहेक देहायवमोजिम हुनेछ ।

क) आफ्नो वडाको शैक्षिक सुधार योजना तयार पार्ने,

ख) आफ्नो क्षेत्रभित्र संचालन हुने परीक्षालाई मर्यादित भयरहित र व्यवस्थित बनाउन सहयोग गर्ने,

ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने र जागरुक र सजग बनाउने,

घ) विद्यालयको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गराउने,

ङ) अभिभावक, शिक्षक र विद्यार्थीबीच विवाद भएमा त्यसको समाधान गर्ने,

च) विद्यालयको अनुगमन मूल्याङ्कन गर्ने गराउने,

छ) वडाको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि आवश्यक रचनात्मक कामहरु संचालन गर्ने,

ज) वडा शिक्षा समितिले आफ्नो बैठक संचालन कार्यविधि तयार गर्ने,

झ) प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न नगर शिक्षा समिति मार्फत् नगरपालिकामा सिफारिस गर्ने,

ञ) नगर शिक्षा समितिले तोकेबमोजिम अन्य कार्यहरु गर्ने ।

**२५. सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समिति गठन सम्वन्धी व्यवस्थाः**

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) अभिभावक सहितको आम भेलाबाट सर्वसम्मत रुपमा छनौट गरेको व्यक्ति (अध्यक्ष)

(ख) अभिभावकले आफूहरुमध्येबाट सर्वसम्मत रुपमा छानी पठाएका कम्तीमा २ जना महिला सहित ५ जना (सदस्य)

(ग) विद्यालय रहेको सम्बन्धित वडाका जनप्रतिनिधिहरु मध्येबाट सो वडासमितिले मनोनित गरेको एकजना (सदस्य)

(घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरको एक जना महिला सहित २ जना (सदस्य)

ङ) विद्यालयका शिक्षकहरुले छानी पठाएका १ जना शिक्षक (सदस्य)

च) विद्यालयको प्रधानाध्यापक (सदस्य सचिव)

(२) उपदफा (१) वमोजिम गठित अध्यक्ष र सदस्यहरुको पदावधि तीन बर्षको हुनेछ ।

(३) उपदफा (१) को (क) र (ख) वमोजिम अध्यक्ष तथा सदस्यको पदमा तोकिए भन्दा वढी व्यक्तिको उम्मेदवारी दर्ता भई अभिभावक भेलाबाट पाँच दिनसम्म सर्वसम्मत चयन हुन नसकेमा नगर शिक्षा समितिले उम्मेदवारहरुमध्ये उपयुक्त व्यक्तिलाई अध्यक्ष र सदस्यको पदमा सिफारिस गर्न सक्नेछ ।

(४) प्राबिधिक तथा व्यवसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा नगरपालिका क्षेत्रभित्रका सम्बन्धित विषय तथा व्यवसायसंग आबद्धहरू मध्ये शिक्षा समितिले मनोनित गरेका एक जना महिला सहित २ जना सदस्य र हनेछन् ।

(५) यसअघि यो ऐन विपरितको प्रक्रियाबाट गठन भएका विद्यालय व्यवस्थापन समिति यो ऐन जारी भए पश्चात स्वतः खारेज हुनेछन ।

(६) विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

(७) विद्यालय व्यवस्थापन समितिको पदाधिकारी तथा सदस्यहरुको योग्यता

(क) पच्चीस वर्ष उमेर पुगेको महाकाली नगरको स्थायी बासी नेपाली नागरिक,

(ख) प्रचलित कानून बमोजिम नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नभोगेको,

(ग) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्यहरु सम्बन्धित विद्यालयको प्रभावक्षेत्र भित्र बसोबास गर्ने महाकाली नगरपालिकाको स्थायी बासिन्दा हुनपर्ने,

(८) **सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्थाः सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-**

(क) विद्यालयलाई आवश्यक आर्थिक श्रोत जुटाउने ।

(ख) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(घ) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(ङ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र सोको जानकारी नगरपालिकालाई दिने,

(च) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको लागि निर्धारित पोशाकको कार्यान्वयन गर्ने ।

(छ) स्वीकृत दरवन्दी अनुसारका शिक्षकहरुको खोजी गरी काममा लगाउने तथा नगर पालिकाबाट स्वीकृत दरवन्दीमा कर्मचारीको व्यवस्थापन गर्नको लागि नगर कार्यपालिकामा अनुरोध गर्ने,

(ज) नगर शिक्षा समितिबाट तोकिएको रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखा परीक्षण गराउने ।

(झ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन नगर शिक्षा समितिमा पेश गर्ने ।

(ञ) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित नगरपालिका र नगर शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने

(ट) प्रचलित कानुन र नियम पालना नगर्ने शिक्षक कर्मचारीलाई विभागीय कारवाहीका लागि सिफारिस गर्ने;

(ठ) विद्यालय कक्षा एकै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउने ।

(ड) विद्यालयको आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्ति वा बढुवा गरेका शिक्षकको लागि सेवा, शर्त सुविधा तोक्ने र तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधा व्यवस्था गर्ने ।

(ढ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक , धार्मिक , जातीय भावनाको आधारमा विद्यालयको वातावरण प्रतिकूल हुन नदिने ।

(ण) नगरपालिकाबाट खटिएका शिक्षक तथा कर्मचारीहरुलाई हाजिर गराई काममा लगाउने ।

(त) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

**२६. विद्यालय व्यवस्थापन समितिको विघटन सम्बन्धी व्यवस्थाः**

(१) नगर शिक्षा समितिले देहायको अवस्थामा कारण खुलाई विद्यालय व्यवस्थापन समितिको विघटन गर्न सक्नेछ ।

क) प्रचलित कानून विपरित कार्य गरेमा

ख) विद्यालयको सम्पत्ति हिनामिना गरेमा

ग) विद्यालयको व्यवस्थापन सन्तोषजनक रुपमा सम्पादन गर्न नसकेमा तथा शैक्षिक वातावरण खल्बल्याएमा

घ) सम्बन्धित अधिकारीले दिएको निर्देशन पटक पटक उल्लंघन गरेमा तर विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई सफाईको मौकाबाट बन्चित गरिने छैन् ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएमा वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेमा नगर शिक्षा समितिले अर्को व्यवस्था नभएसम्मको लागि अस्थायी समिति गठन गर्न सक्नेछ ।

**२७. शिक्षक अभिभावक संघ सम्वन्धी व्यवस्थाः**

(१) सामुदायिक विद्यालयको आर्थिक तथा शैक्षिक व्यवस्थापनलाई नतिजामुखी, पारदर्शी तथा जवाफदेही बनाउन र सामाजिक परीक्षणलाई व्यवस्थित गर्न तथा विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने प्रयोजनार्थ सहयोग पुऱ्याउन प्रत्येक विद्यालयमा एक देहाय बमोजिमको शिक्षक अभिभावक संघ गठन गरिनेछ :

| | |
|---|---|
| (क) विद्यालयका अभिभावकहरुको भेलाबाट छनौट गरेको व्यक्ति | (अध्यक्ष) |
| (ख) अभिभावकले आफुहरु मध्येबाट छानी पठाएका कम्तीमा २ जना महिला सहित ४ जना | (सदस्य) |
| (ग) विद्यालय रहेको सम्बन्धित वडाका जनप्रतिनिधिहरुमध्येबाट सो वडा समितिले मनोनयन गरेको एकजना | (सदस्य) |
| (घ) विद्यालयका शिक्षकले आफूहरु मध्येबाट छनौट गरी पठाएको शिक्षक प्रतिनिधि एक जना | (सदस्य सचिव) |

(२) उपदफा (१) वमोजिम गठन भएको शिक्षक अभिभावक संघको बैठकमा वि.व्य.स.अध्यक्ष, प्रधानाध्यापक वा बालक्लवको अध्यक्षलाई आमन्त्रित सदस्यको रुपमा वोलाउन सकिनेछ । गठित समितिको पदावधि २ (दुई) बर्षको हुनेछ । तर तोकिए बमोजिम कसुर गरेमा नगर शिक्षा समितिले जुनसुकै समयमा विघटन गर्न सक्नेछ ।

(३) शिक्षक अभिभावक संघको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ६
## शिक्षक तथा कर्मचारीको दरवन्दी, सेवा शर्त, योग्यता एवं सक्षमताको मापदण्ड सम्बन्धी व्यवस्था

**२८. नगरपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्नेः**

(१) नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षक तथा कर्मचारीहरुको दरवन्दी निर्धारण नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले गर्नेछ ।

(२) नगरपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्धारित दरबन्दीमा नियुक्ति भएको शिक्षकको व्यक्तिगत फाइल खडा गरी नगरपालिकाले अभिलेख तयार गर्नु पर्नेछ । यसरी नियुक्त भएको शिक्षकको सेवा सुविधा नगरपालिका मार्फत् भुक्तानी गर्नु पर्नेछ ।

(४) शिक्षक कर्मचारीको दरवन्दी निर्धारण, मिलान तथा विद्यालय समायोजन सम्वन्धमा नगर शिक्षा समितिले आवश्यक कार्यविधि तयार गरी लागू गर्न सक्नेछ ।

**२९. शिक्षकको सेवा शर्त,योग्यता, सक्षमता, विदा र काजः**

(१) शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता विदा र काज प्रचलित कानुनमा तोकिए बमोजिम हुनेछ ।

**३०. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः**

(१) नगरपालिका भित्र कार्यरत शिक्षक तथा विद्यालय कर्मचारीहरुले प्रचलित ऐन, कानून बमोजिम पदीय आचरणको पालना गर्नुपर्नेछ ।

(२) पदीय आचरण पटक पटक उलंघन गर्ने शिक्षक तथा कर्मचारीलाई देहायका अवस्थामा करारको हकमा सम्बन्धित विद्यालय व्यवस्थापन समिति र स्थायीको हकमा विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगर शिक्षा समितिले आवश्यक कार्यवाहि गर्न सक्नेछः-

(क) तोकिए बमोजिमका पदीय दायित्व र आचरण पूरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको व्यहोरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको सदस्य रहेको प्रमाणित भएमा,

(छ) निजले अध्यापन गरेको विषयमा तीन बर्ष भित्रको औसत शैक्षिक उपलब्धि ५० प्रतिशत भन्दा कम भएमा,

(ज) अध्यापन अनुमति पत्र नभई भर्ना गरिएका शिक्षक तथा आवश्यक प्रक्रिया बिना भर्ना गरिएका करार शिक्षक वा कर्मचारी ।

(३) उपदफा (१) वमोजिम वा अन्य माध्यमले कुनै करार शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा नगरपालिकाले निजलाई विद्यालय व्यवस्थापन समितिको सिफारिसमा पदबाट हटाउन सक्नेछ । तर पदबाट हटाउनु अघि मनासिव माफिकको स्पष्टीकरणको मौकाबाट भने बञ्चित गरिनेछैन ।

**३१. अदालतको आदेशबाट पुर्नःबहाली हुन सक्नेः**

(१) दफा १८ मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय भई सेवाबाट हटाइएको वा बर्खास्त भएको स्थायी शिक्षक/कर्मचारी अदालतको आदेश वा फैसला वमोजिम सेवामा पुर्नःबहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुर्नःबहाली भएको शिक्षकले सेवाबाट हटाइए देखि पुर्नःबहाली भएको मिति सम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ ।

**३२. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुनेः**

नियमानुसार विदा वा काज स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले सो अवधिको तलब, भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन् ।

**३३. अध्यापन अनुमति पत्र अनिवार्य हुनेः**

अध्यापन अनुमति पत्र नभएको कुनै पनि व्यक्ति, शिक्षक पदको लागि सम्भाब्य उम्मेदवार हुन सक्नेछैन् र यो ऐन जारी हुनु भन्दा पूर्व यस प्रावधान विपरित नियुक्त भएका शिक्षकको करार सम्झौता थप हुनेछैन ।

**३४. स्थायी आवासीय अनुमति लिन नहुनेः**

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले कुनै देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरुलाई तोकिए बमोजिम दण्ड तथा सजाय हुनेछ ।

## परिच्छेद ७

## शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम, वृत्ति विकास

**३५. विद्यालयका शिक्षक, कर्मचारी तथा वालविकास सहजकर्ताको नियुक्ति सम्वन्धी**

व्यवस्था:

(१) विद्यालयमा रिक्त शिक्षक, कर्मचारी तथा वाल विकास सहजकर्ता पदमा अस्थायी तथा करार नियुक्ति प्रक्रियाको लागि देहाय वमोजिमको शिक्षक कर्मचारी छनौट समितिबाट हुनेछः

क) नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख वा शिक्षा अधिकृत (संयोजक)

ख) सम्वन्धित क्षेत्रको स्रोतव्यक्ति ( सदस्य)

ग) बिषयविज्ञ मध्येबाट नगर शिक्षा समितिको अध्यक्षले तोकेको १ जना (सदस्य)

घ) बिषयविज्ञ मध्येबाट व्यवस्थापन समितिले तोकेको १ जना (सदस्य)

ङ.) सम्बन्धित विद्यालयको प्रधानाध्यापक ( सदस्य सचिव

(२) विद्यालयमा शिक्षक, बालशिक्षक तथा कर्मचारीको पद रिक्त भएमा सम्वन्धित विद्यालयले रिक्त भएको मितिले ७ दिन भित्रमा नगरपालिका समक्ष लिखित रुपमा जानकारी दिनुपर्नेछ ।

(३) नगरपालिकाले उक्त विद्यालयको रिक्त शिक्षक पदमा सरुवा भै जान चाहने शिक्षकलाई पहिलो प्राथमिकता दिई शिक्षक सरुवा गरी पठाउन सक्नेछ ।

(४) यदि सरुवा भै जान चाहने शिक्षक नभएमा त्यस्तो विद्यालयमा शिक्षक पदमा करारमा नियुक्ति गर्नको लागि विज्ञापन प्रकाशित गर्न अनुमति दिनेछ ।

(५) यो ऐन लागु हुनुभन्दा पहिला करार नियुक्त भएका नगर शिक्षक तथा कर्मचारीको हकमा विद्यालय व्यवस्थापन समितिले तोकिए बमोजिम प्रक्रिया पुरा गरी पुनःकरार विज्ञापन गरी नियुक्त गर्न सक्नेछ ।

(६) शिक्षक व्यवस्थापन सम्वन्धी अन्य कार्यविधि नगर शिक्षा समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

**३६. प्रधानाध्यापक तथा सहायक प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः**

(१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक रहनेछ ।

(२) प्रधानाध्यापकको नियुक्ति, सेवाको सर्त र सुविधा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) सामुदायिक विद्यालयमा प्रधानाध्यापक नियुक्त गर्नको लागि स्थायी शिक्षकहरुमध्येबाट प्रतिस्पर्धाको आधारमा विद्यालय व्यवस्थापन समितिले नियुक्ति गर्नेछ । यदि सम्वन्धित तहमा स्थायी शिक्षक नभएमा विद्यालयमा कार्यरत तल्लो तहको स्थायी शिक्षकहरुमध्येबाट प्रतिस्पर्धाको आधारमा प्रधानाध्यापकको पदमा नियुक्ति गर्न सक्नेछ,

ख) प्रधानाध्यापकको पदमा प्रतिस्पर्धा गर्न चाहने शिक्षकले पाँच बर्षे विद्यालय सुधार कार्ययोजना विद्यालय व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ,

ग) प्रधानाध्यापकको अवधि ५ बर्षको हुनेछ,

घ) विद्यालयको व्यवस्थापकीय नेतृत्व तथा शैक्षिक गतिविधिमा कर्मचारी तथा प्रशासनिक नेतृत्व गरी विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ,

ङ) निजले पेश गरेको कार्ययोजना बमोजिम कार्य गरेको नपाईएमा व्यवस्थापन समितिको सिफारिसमा नगर शिक्षा समितिले सो जिम्मेवारीबाट मुक्त गर्न सक्नेछ, तर जिम्मेवारीबाट हटाउनु पूर्व सम्वन्धित प्रधानाध्यापकलाई एक पटक स्पष्टीकरणको मौका भने दिईनेछ,

च) प्रधानाध्यापक नियुक्ति सम्वन्धी अन्य व्यवस्था नगरकार्यपालिकाले बनाएको कार्यविधि अनुसार हुनेछ ।

(२) सहायक प्रधानाध्यापक सम्बन्धी व्यवस्था : माध्यमिक तहको प्रधानाध्यापकलाई सहयोग पुऱ्याउन विद्यालयमा कार्यरत माध्यमिक तहका शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिले एकजनालाई सहायक प्रधानाध्यापक तोक्न सक्नेछ ।

**३७. शिक्षकको सरुवा सम्वन्धी व्यवस्थाः**

(१) विद्यालयको स्वीकृत दरवन्दीमा कार्यरत शिक्षकलाई सम्वन्धित स्थानीय तहभित्रको कुनै विद्यालयमा आवश्यकता अनुसार नगर शिक्षा समितिले सरुवा तथा पदस्थापन गर्न सक्नेछ ।

(२) शिक्षकबाट सरुवाको लागि निवेदन पर्न आएमा नगरपालिकाले सरुवा हुने चाहेको शिक्षकको निवेदनको आधारमा रिक्त पद, विषय, सरुवा हुने आधार आदि मिलेमा सम्वन्धित स्थानीय तह भित्र सरुवा गर्न सक्नेछ ।

(३) एउटा स्थानीय तहबाट अर्को स्थानीय तहमा सरुवा हुन चाहने शिक्षकको हकमा सम्वन्धित स्थानीय तहको सिफारिस र सहमतिको आधारमा नियमानुसार सरुवा गर्न सकिनेछ ।

(४) विशेष अवस्थामा बाहेक शिक्षकको सरुवा शैक्षिक सत्रको शुरु वा अन्त्यमा मात्र गरिनेछ ।

**३८. दरवन्दी मिलान तथा विद्यालय समायोजन सम्वन्धी व्यवस्था :**

नगर शिक्षा समितिबाट आवश्यक कार्यविधि तयार गरी नगरपालिकाभित्रको शिक्षक कर्मचारी दरवन्दी मिलान तथा विद्यालय समायोजन गर्नुपर्नेछ ।

**३९. शिक्षकको बढुवा सम्बन्धी व्यवस्थाः**

हाल स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारबाट लागू भएको कानुन बमोजिम हुनेछ । स्थानीय तहबाट नियुक्ति पाएका शिक्षकहरुको सेवा, सर्त तथा बढुवा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४०. तालिम तथा क्षमता विकास सम्बन्धी व्यवस्था :**

१) शिक्षकलाई नेपाल सरकारको नीति तथा स्थानीय तहबाट निर्धारित तालिम नीति अनुसार तालिम तथा क्षमता विकासको अवसर हुनेछ ।

**४१. शिक्षकलाई अन्य काममा लगाउन नहुने :**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन पाइने छैन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पाठन पठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन बाधा पर्ने छैन् ।

## परिच्छेद ८

## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, संचालन र व्यवस्थापन

**४२. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारणः**

१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान कम्पाउण्ड, घेराबार, बालमैत्री बसाई व्यवस्था, वातावरण मैत्री हाता, करेसावारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग अलग शौचालय, सिकाई मैत्री वातावरण हुनु पर्नेछ ।

२) विद्यालयमा प्राथमिक उपचार, नियमित स्वास्थ्य परीक्षण, छात्राहरुलाई सेनिटरी प्याड जस्ता न्यूनतम सुविधा उपलब्ध हुनु पर्नेछ ।

३) विद्यालयको स्तरअनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**४३. विद्यालयको सम्पत्तिः**

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा एकीकरण भएको सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा विविध सार्वजनिक कार्यमा प्रयोग गर्न सक्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन् ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा र हनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको अनुमति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(५) नेपाल सरकारको स्वीकृतिमा, प्राप्त गरेको चल अचल सम्पत्ति नेपाल सरकारको

स्वीकृति बिना बेचबिखन गर्न पाइने छैन् ।

**४४. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण व्यवस्थापन:**

१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहने छ । सो विद्यालय बन्द, खारेज वा अन्यत्र एकिकरण भई विद्यालयको काममा प्रयोग नहुने भएमा नगरपालिकाले कानुन बमोजिम अन्य सरकारी प्रयोजनको लागि भोग चलन गर्न सक्नेछ ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहने छ ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य नगरपालिका र नेपाल सरकारको रहने छ ।

**४५. विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक:**

(१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड सिकाइ अनुरुप उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्नुपर्नेछ ।

(२) विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरुको संख्या र सोको लागि आवश्यक रकम एकिन गरी सम्बन्धित विद्यालयले तोकिएको समय सीमाभित्र नगर शिक्षा शाखामा र कम माग गर्नुपर्नेछ ।

(३) नगरपालिकाले आधारभूत तहसम्मको शिक्षा लागि स्थानीय आवश्यकतामा आधारित स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्नेछ ।

(४) विद्यालयमा बहु पाठ्यपुस्तक लागू गर्न सकिनेछ ।

(५) शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित सामाग्री, थप स्वअध्यायन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रवन्ध हुनु पर्नेछ ।

**४६. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन :**

१) विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन गर्न सक्नेछ ।

२) विद्यालयले बालक्लब, तथा वातावरणमैत्री क्लबहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद ९
## संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन, मूल्याङ्कन

## र नियमन सम्बन्धी व्यवस्था

४७. संस्थागत विद्यालय सञ्चालन गर्न अनिवार्य अनुमति र स्वीकृति लिनु पर्नेछ । संस्थागत विद्यालयको अनुमति प्रक्रिया, आवश्यक मापदण्ड, अनुगमन र मूल्यांकन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४८. संस्थागत विद्यालयको व्यवस्थापन समिति सम्बन्धी व्यवस्थाः (१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा नगरपालिकाबाट मनोनित (अध्यक्ष)

(ख) अभिभावकहरूमध्येबाट कम्तीमा एक जना महिला पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुईजना (सदस्य)

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरू मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एकजना (सदस्य)

(घ) सम्बन्धित क्षेत्रको श्रोतव्यक्ति (सदस्य)

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूहरूमध्येबाट छानी पठाएको एकजना (सदस्य)

(च) विद्यालयको प्रधानाध्यापक (सदस्य सचिव)

(२) उपदफा (१) खण्ड (क) (ख) र (ग) बमोजिम छानिएका वा मनोनित भएका पदाधिकारीहरुको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता पदाधिकारीले आफ्नो पदिय आचरण पालना नगरेको देखिएमा नगर शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

**(३) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-**

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) विद्यालयले नेपाल सरकार र नगरपालिकाले तोके बमोजिमका पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्ने,

(च) अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) शिक्षक तथा कर्मचारीको न्यूनतम तलब, सेवा सुविधा श्रम ऐनलाई आधार मानी तोक्ने

(ज) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,

(झ) शिक्षा ऐन तथा नियमावली तथा अन्य कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्त नगरपालिकाबाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सबै नीति, नियम, तथा निर्देशनहरूको पालना गर्ने;

(ञ) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४९. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने:**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएकाहरु, महिला, दलित वा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयको प्रधानाध्यापक, र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधि रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(३) समितिले छनौटको लागि आधार, शर्त र प्रकृया तयार गरी सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराइ सार्वजनिक समेत गर्नु पर्नेछ ।

(४) समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

**५०. अनुगमन तथा मूल्याङ्कन सम्वन्धी व्यवस्था:**

संस्थागत विद्यालयको गुणस्तर कायम राख्न नगरपालिका वा नगर शिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न, निर्देशन दिन सक्नेछ । यसरी प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ ।

**५१. अनुमति वा स्वीकृति रद्द गर्ने:**

कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बन्ने नियम विपरीत अन्य कुनै काम गरेमा नगरपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन् ।

## परिच्छेद १०
## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

**५२. आधारभूत तह कक्षा ५ र ८ कक्षाको अन्तिम परीक्षाको सञ्चालन सम्बन्धी व्यवस्था**

(१) आधारभूत शिक्षाको कक्षा ५ र ८ को अन्तिम परीक्षा नगर स्तरीय हुनेछ ।

(२) उपदफा १ बमोजिमको परीक्षा सम्बन्धी सम्पूर्ण कार्य तोकिएको कार्यविधि बमोजिम हुनेछ ।

(३) कक्षा १० र १२ को बार्षिक परीक्षा, बोर्डबाट तोकिए बमोजिम हुनेछ ।

**५३. अनुदानको व्यवस्था :**

(१) सामुदायिक विद्यालय, प्रारम्भिक बालविकास केन्द्रलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सकिनेछ ।

**५४. लेखा व्यवस्थापनः**

(१) विद्यालयले प्रचलित कानून बमोजिमको ढाँचामा आय-व्ययको लेखा श्रेस्ता व्यवस्थापन गर्नुपर्नेछ ।

(२) विद्यालयको नियमित कारोबारको लेखाश्रेस्ता तथा अभिलेख व्यवस्थापन गर्न लेखा शाखा व्यवस्थापन गरी कुनै कर्मचारी वा शिक्षकलाई लेखा अभिलेख व्यवस्थापन गर्ने जिम्मेवारी दिनु पर्नेछ ।

**५५. सामुदायिक विद्यालयको खाता संचालनः**

(१) विद्यालयले आर्थिक कारोबार मान्यता प्राप्त बैंक मार्फत गर्नुपर्नेछ ।

(२) माध्यमिक विद्यालयको खाता संचालन प्रधानाध्यापक र लेखा व्यवस्थापन गर्न तोकिएको कर्मचारी वा शिक्षकको संयुक्त दस्तखतबाट संचालन गर्नुपर्नेछ र आधारभूत विद्यालयको हकमा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकको संयुक्त हस्ताक्षरबाट संचालन गर्नुपर्नेछ ।

**५६. लेखापरीक्षण तथा सामाजिक परीक्षणः**

(१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र नगर शिक्षा समितिले तोकेको रजिष्टर्ड लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ ।

(२) लेखापरीक्षण समाप्त भएको १५ दिन भित्र शिक्षा युवा तथा खेलकुद शाखा मार्फत् नगर शिक्षा समितिमा लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(३) प्रत्येक बर्ष विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको आय व्यय, शैक्षिक उपलब्धि, विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षण वा बार्षिकोत्सव मार्फत् सार्वजनिक तथा अनुमोदन गर्नु पर्नेछ ।

**५७. छात्रवृतिको व्यवस्था गर्न सक्नेः**

(१) नगरपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिमको छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

**५८. शुल्क सम्बन्धी व्यवस्थाः**

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयहरुले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अभिभावकले आफ्नो इच्छा अनुसार विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले

लिन सक्नेछ ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइ सकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउनेछैन्।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन् ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क नगरशिक्षा समितिबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ। त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख देखी तीन लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

**५९. विद्यालयलाई छुट र सुविधाः**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखित पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन् ।

(२) उपदफा (१) मा लेखिएबाहेक अन्य विद्यालयको नाममा कुनै लिखित पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सकिनेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीकोरूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ११
## स्रोत केन्द्र सम्बन्धी व्यवस्था

**६०. स्रोत केन्द्र स्थापना :**

(१) नगरपालिका क्षेत्रभित्र सामुदायिक र संस्थागत विद्यालयको निरीक्षण, तथा शैक्षिक सहजीकरणका लागि न्यूनतम एउटा स्रोतकेन्द्र रहने छ । तर प्रत्येक ३० भन्दा बढी विद्यालयको हकमा आवश्यकता अनुसार स्रोत केन्द्र थप गर्न सकिनेछ ।

(२) स्रोत केन्द्रमा माध्यमिक तहको स्थायी शिक्षक मध्येबाट तोकिए बमोजिम छनौट

गरिएको स्रोतव्यक्ति रहनेछ ।

(३) स्रोतकेन्द्र तथा स्रोतव्यक्तिबाट बार्षिक तथा मासिक कार्ययोजना बनाई शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखबाट स्वीकृत भए अनुसार विद्यालयको नियमित अनुगमन, नमुना कक्षा प्रदर्शन, शैक्षणिक सहयोग, नेपाल सरकार तथा नगरपालिकाको निर्णय, निर्देशन र सूचना प्रवाह तथा कार्यान्वयन गर्नुपर्नेछ ।

## परिच्छेद १२
## प्राविधिक तथा व्यवसायिक शिक्षा

६१. नगरपालिका क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाका साथै सि.टि.ई.भि.टि. कार्यक्रमबाट निर्धारित विषय अध्यापन गराउन सकिने छ । यस्ता विद्यालयको सञ्चालनका लागि नगरपालिकाले सम्भाव्यता अध्ययन, विद्यालयलाई थप सुविधा प्रदान र आवश्यक स्रोत पहिचान र परिचालन गर्न सक्नेछ ।

**६२. खुल्ला तथा विशेष शिक्षा :**

नगरपालिकाभित्र खुल्ला तथा विशेष शिक्षा सम्वन्धी कार्यक्रम संचालन गर्दा, नेपाल सरकारले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद १३

**६३. विद्यालयको विधानः**

(१) यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक सामुदायिक विद्यालयले,आफ्नो लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रक्रिया लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विधान विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगर शिक्षा समितिबाट स्वीकृत गराई लागू गर्नु पर्नेछ ।

२) विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगर शिक्षा समितिबाट विधान आवश्यकता अनुसार संसोधन गर्न सकिनेछ ।

(३) विधान अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ ।

(४) विधान विद्यालयको सार्वजनिक दस्तावेज हुनेछ र सर्वसाधारण नागरिकले पनि हेर्न पाउने व्यवस्था मिलाउनु पर्नेछ ।

**६४. नगरपालिकाले निर्देशन दिन सक्नेः**

(१) नगरपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको

कर्तव्य हुनेछ ।

**६५. विद्यालयलाई सुरक्षित र शान्ति क्षेत्रको रुपमा कायम गर्नुपर्नेः**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित कृयाकलाप हुन नदिने गरी विद्यालयलाई शान्ति क्षेत्रको रुपमा घोषणा गरी सो अनुरुप कार्यान्वयन गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नुपर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**६६. बालबालिकालाई निष्कासन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नपाइनेः**

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्कासन गर्न पाईने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

**६७. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन :**

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन् ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद १४
## कोष सम्बन्धी व्यवस्था

**६८. नगर शिक्षा विकास कोष :**

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रका विपन्न, प्राकृतिक प्रकोप पीडित र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी र शिक्षकलाई पुरस्कृत गर्न नगर शिक्षा विकास कोष स्थापना गर्नेछ ।

(२) कोषमा देहाय बमोजिमका रकम रहन सक्नेछ :

(क) नेपाल सरकार, प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दानदातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) कोषको सञ्चालन नगरपालिकाको प्रमुख वा निजले तोकेको नगर शिक्षा समितिको सदस्य, शिक्षा हेर्ने कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत र शिक्षा अधिकृत

रहेको ४ सदस्यीय समितिबाट हुनेछ ।

(४) उपदफा (१) बमोजिम संचालन भएको कोषको लेखापरीक्षण तथा सामाजिक लेखा परीक्षण तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद १५

## विविध

**६९. दण्ड सजायः**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई तोकिए बमोजिम दण्ड जरिवाना हुनेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानूनले तोके वमोजिम सजाय हुनेछः

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरे वा परीक्षा केन्द्रमा अनियमित गतिविधि गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा ।

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।

(झ) कानून विपरीतको अन्य कार्य गरेमा ।

(३) कानून बमोजिमको कसूरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्न अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखी मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ ।

(४) उपदफा (३) बमोजिम तोकिएको दण्ड सजाय जरिवानाको आदेश उपर प्रचलित कानून बमोजिम पुनरावेदन गर्न सकिनेछ ।

**७०. नियम बनाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाइ लागु गर्न सकिनेछ ।

**७१. संक्रमणकालीन व्यवस्था :**

(१) यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको प्रावधानका सम्बन्धमा कार्यविधि तर्जूमा नभएसम्म नगरकार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

(२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापन गर्न र प्रक्रिया पूरा नगरी यसअघि नियुक्त भएका करार शिक्षक तथा कर्मचारीको प्रक्रिया अनुसार पुनः विज्ञापन गरी दक्ष जनशक्ति नियुक्त गर्न विद्यालय व्यवस्थापन समितिबाट अनुमति माग भई आएमा प्रमुख प्रशासकीय अधिकृतले अनुमति दिन सक्नेछ ।

**७२. बाधा अड्काउ फुकाउने अधिकार:**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न(कुनै बाधा अड्काउ परेमा नगरकार्यपालिकाले राजपत्रमा सूचना प्रकाशन गरी आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा समावेश भएसरह मानिनेछ । तर यस्तो आदेश नगरसभाले ९ महिनाभित्रमा अनुमोदन नगरेमा स्वतः निष्कृय हुनेछ ।

**७३. बचाउ तथा खारेजीसम्बन्धी व्यवस्था:**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा उल्लेख भएमा सोही बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा उल्लेख भएको प्रावधानले विद्यालयको सम्पत्ति हिनामिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) यस ऐनका दफा तथा उपदफाहरु नेपालको संविधानसँग बाझिएको हदसम्म स्वतः निस्क्रिय हुनेछ ।

(४) यो ऐन जारी भए पश्चात तर्जुमा हुने र यस अघि नगरपालिकाले तर्जूमा गरेको नियमावली, कार्यविधि, निर्देशिका तथा मापदण्ड ऐनसँग बाझिएको हदसम्म स्वतः खारेज एवं अमान्य भएको हुनेछ ।

**७४. संशोधन सम्बन्धी व्यवस्था:**

यस ऐनमा संशोधन तथा हेरफेर गर्न वान्छनीय भएमा नगरसभा बैठकबाट संशोधन तथा हेरफेर गर्न सकिनेछ ।

**आज्ञाले**

**नर बहादुर ठगुन्ना**

**प्रमुख प्रशासकीय अधिकृत**

**महाकाली नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**खलंगा, दार्चुला**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

**फोन नं. ०९३४२०१३७**